# बौदीकाली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

४ नम्बर प्रदेश, नेपाल

९८५७०४६२६४

baudikalimun@gmail.com


## "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी सूचना ॥

सार्वजनिक क्षेत्रमा निर्माण कार्य गर्न चाहने तपशिलका योग्यता पुगेका निर्माण व्यवसायीले "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७४ को अनुसुची १ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न ईजाजतपत्रको लागि यस बौदीकाली गाउँपालिकाको कार्यालयमा दरखास्त दिनुहुन सम्बन्धित सबैमा सुचित गरिन्छ ।

**तपशिल :**

१. आर्थिक क्षमता : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. मुख्य जनशक्ति विवरण : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. मेशीन र उपकरण :

(क) ट्रिपर /टयाक्टर (एक/एक थान)

(ख) मिक्सर (एक थान)

(ग) Theodolite/Level Machine (एक सेट)

(घ) वाटर पम्प (तीन थान)

(ङ) भाइब्रेटर (तीन थान)

द्रष्टव्य :

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

**ईजाजत पत्र दस्तुर : रु. १०००० (अक्षरुपी रु. दश हजार मात्र )**

(सूचना प्रकाशन मिति : २०७५/०४/०२)

कृष्ण प्रसाद ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

बौदीकाली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डेढगाउँ, नवलपरासी ४ नं. प्रदेश, नेपाल स्था. - २०७३

दुर्गा बहादुर राना
अध्यक्ष